कोलकाता घोषणापत्र

३० नोभेम्बर २०१८

शरणार्थी र आप्रवासीहरुको लागि न्यूयोर्क घोषणापत्रले हालको शरणार्थी तथा आप्रवासी सुरक्षाको अन्तर्राष्ट्रिय पद्धतिलाई सुरक्षित बनाउनको निमित्त सुदृढीकरणका उपायहरुमा नयाँ आयामको महत्व रहेको पहिचान गर्दछ । संयुक्त राष्ट्रसंघद्वारा शरणार्थी र आप्रवासनको लागि दुई नयाँ विश्वव्यापी सम्झौताहरु अपनाउने निर्णय भएतापनि, यी सम्झौताहरुले के प्रतिज्ञा लिनेछन्, के–कस्ता प्रतिकुलताका साथ आउनेछन् र यी विश्वव्यापी सम्झौताहरु कसरी भिन्न रहनेछन् भन्ने जस्ता विविध प्रश्नहरु  उत्पन्न भएको छ । रोजा लग्जम्बर्ग स्टिफटङसँगको सहकार्यमा कलकत्ता रिसर्च ग्रुपद्वारा कोलकातामा “शरणार्थी र आप्रवासीहरुको विश्वव्यापी संरक्षण प्रणालीको अवस्था” (२५–३० नोभेम्बर २०१८) शीर्षकमा आयोजना भएको ६ दिने अनुसन्धानात्मक कार्यशाला तथा अन्तर्राष्ट्रिय सम्मेलनले विश्वव्यापी तथा क्षेत्रीय जनसङ्ख्या प्रवाहको वास्तविकताको पृष्ठभुमिमा रहेर यी प्रश्नहरुमा छलफल भएको थियो ।

यस कार्यक्रममा विश्वभरीबाट १८ देशका १०१ * शिक्षाकर्मी, अधिकारकर्मी, अन्तर्राष्ट्रिय मानवीय संस्थाहरुका पदाधिकारीहरुका साथै सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको अन्तिम दिन, ३० नोभेम्बर २०१८, मा विज्ञहरुसँगको परामर्शद्वारा कोलकाता घोषणापत्र नामक प्रतिज्ञापत्र तयार पारियो ।

“शरणार्थी र आप्रवासीहरुको विश्वव्यापी संरक्षण प्रणालीको अवस्था” शीर्षकमा भएको कोलकाता सम्मेलनले द्रष्टव्य गर्छ की,

- ❖ पछिल्लो दशकमा स्पष्ट रुपमा बिग्रँदै आइरहेको विश्वव्यापी शरणार्थी प्रवाह र विश्वव्यापी आप्रवासी संकटको गहिरो र विस्तारित रुपले गर्दा मानवअधिकार र मानवीय संरक्षणका निम्ति विभिन्न स्तरमा भइरहेको अन्तर्राष्ट्रिय प्रयासहरु अपुग र असंगत रहेको छ । वर्षौंदेखि सीमान्तीकरणलाई परिवर्तन गर्ने अथक प्रयास भएतापनि शरणार्थी र आप्रवासीहरु सीमान्तकृत वर्गमा नै रहने गरेका छन् । यस परिस्थितिमा, शक्तिको कर्तव्यको रुपमा रहेको विश्वव्यापी जिम्मेवारीको सिद्धान्तको समान रुपमा प्रभावशाली, तर अपमानजनक अन्त्य हुने देखिन्छ । मध्यान्तरमा, मानवीय संरक्षण तथा शरणार्थी र आप्रवासीहरुको अधिकार संरक्षणको निमित्त भएका स्थानीय, क्षेत्रीय, परम्परागत, द्विपक्षीय तथा अन्य बहुपक्षीय प्रयासहरु मानवीय प्रतिष्ठाको अमूल्य उदाहरण भएपनि लगातार बेवास्ता भएको छ;
- ❖ जनसङ्ख्यात्मक प्रवाहको बढ्दो मिश्रित र विशाल प्रकृतिको अवस्थामा राष्ट्रहरुको शरणार्थी र आप्रवासीहरु प्रति प्राथमिक उत्तरदायित्व बहन गर्ने उत्सुकता नदेखिएको स्पष्ट देखिन्छ । यस अवस्थामा, व्यापारिक तथा व्यावसायिक पक्षहरु सहितको विभिन्न सरोकारवालाहरु समेटिएको सम्पुर्ण सामाजिक पद्धतिका साथ संयुक्त

राष्ट्रसंघद्वारा प्रस्तावित शरणार्थी र आप्रवासीहरुसँग सम्बन्धित विश्वव्यापी सम्झौतालाई शरणार्थी र आप्रवासी संरक्षणका पूराना पद्धतिहरुलाई पुनर्विचार गर्ने अवसरको रुपमा लिइएको छ ।

- संयुक्त राष्ट्रसंघले शरणार्थी र आप्रवासीहरुको परिस्थितिलाई विश्वव्यापी विकासको विषयवस्तुको रुपमा लिएको छ । यस परिस्थितिमा भौगोलिक सुरक्षाका विषयहरु जस्तै शरणस्थान, तेश्रो मुलुक, हटस्पट, सीमा क्षेत्र, सुरक्षित करिडोर, विभेदपूर्ण श्रम व्यवस्था, विप्रेषण केन्द्रित विश्वव्यापी अर्थव्यवस्थाका साथसाथै अत्यधिक वित्तीय तथा सुरक्षा प्रणालीले विश्वव्यापी विकासलाई असर पारेको छ ।
- जात, धर्म, जाति, क्षमता, यौनिकता, लिंग र श्रोतका आधारमा हुने विभेद र बहिष्कार असह्य हुनेछ । यस अवस्थामा, शरणार्थी, आप्रवासी वा राज्यविहिन महिलाहरुको व्यक्तित्व, आत्मनिष्ठा, नागरिकता र राजनैतिक तथा सामाजिक विचार चयन गर्ने क्षमतालाई अवमूल्यन गर्न सक्ने बहुसंख्यक, पुरुष, तथा अखण्डित सांस्कृतिक मूल्यलाई लाभान्वित गर्न अस्वीकार गर्दछ ।
- विश्वभरिका शरणार्थी वा आप्रवासी अर्थव्यवस्था चित्रण गर्ने यी सबै अवस्थाहरुले निम्न कुराहरु दर्साउँछ ः क) शरणार्थी, बाध्यकारी आप्रवासनका पिडित, अवैधानिक आप्रवासीहरुका साथै आन्तरिक रुपमा विस्थापित व्यक्तिहरु बीचको निकट सम्बन्ध, ख) यसैगरी, समग्रमा शरणार्थी र अनौपचारिक अर्थव्यवस्था बीचको गहिरो सम्बन्ध, ग) औपचारिक तथा अनौपचारिक श्रमको व्यवहारिकता र घ) राष्ट्रिय र अन्तर्राष्ट्रिय अर्थव्यवस्थामा शरणार्थी र आप्रवासी श्रमको समावेशीता सँग–सँगै प्रजातन्त्रको राजनैतिक क्षेत्रबाट बहिष्कार, र ङ) शरणार्थी र बाह्य व्यक्तिहरु उब्जाउने जात, धर्म, संसाधन, तथा लिङ्ग बीचको अन्तरसम्बन्ध, च) त्यसैगरी, श्रम अधिकार, राजनैतिक अधिकार र न्यायका मापदण्ड जोड्ने नयाँ आवश्यकता, छ) तुलनात्मक न्याय र स्वतन्त्रताका प्रतिकुल मापदण्ड सापेक्ष गर्ने संरक्षणका विश्वव्यापी व्यवस्था;
- यो अवस्था, मूख्य रुपमा राष्ट्रविहिन व्यक्तिहरुको विशाल विश्वव्यापी उपस्थितिले निम्त्याएको हो । यसर्थ, राष्ट्रको सदस्यता प्राप्त गर्नु नियमन भएपनि राज्यको संरक्षण बिना बाँच्नुपर्ने जनसमुदायको बाध्यता छ । राज्यविहिनताको समस्याको प्रतिक्रियाको रुपमा आएका सार्वजनिक अन्तर्राष्ट्रिय कानूनको नियमको क्षेत्र बावजुद, राज्यविहिनताले शरणार्थीहरुलाई प्रतिकुल असर पारेको छ । बढाइएको शरणार्थीत्वले अन्ततः राज्यविहिनता निम्त्याउँछ, र शरणार्थीत्व र राज्यविहिनता बीचको अन्तर बढ्दो रुपमा पातलिँदै छ । यसबाहेक, राज्यको नयाँ नागरिकता नीतिहरुका कारण स्थायी रुपमा लामो समयदेखि बसोबास गर्दै आएका व्यक्तिहरु पनि शरणार्थी नभएपनि राज्यविहिन हुन बाध्य छन् । तसर्थ, अल्पसंख्यकहरु माथिको उत्पीडन र राज्यप्रतिको बढ्दो बहुसंख्यक झुकावका कारण क्षेत्रीय पुनर्गठन र राज्यहरुको अनुक्रमको उपजका रुपमा रहेको राज्यविहिनता तीव्र रुपमा फैलिरहेको छ । यसैका कारण नागरिक र प्रवासीहरु समय–समयमा राज्यद्वारा निष्काशित हुन्छन्;
- दक्षिण एसियामा सीमा र सीमा पारीको आवतजावतका कारण अन्तर–राज्यिय सम्बन्धहरु विवादले भरिएको अवस्थामा यी राज्यहरुले आ–आफ्नो नागरिकताको मापदण्डमा क्रमिक रुपमा कडाइ गर्दै आएका छन् । यसले

अन्ततः साँस्कृतिक र भौगोलिक सीमामा राज्यविहिनताको क्षेत्रहरु सिर्जना गर्नुका साथै राज्यविहिनतालाई प्रेरित गर्ने अनुकुल परिस्थितिहरुलाई पनि बढावा दिइरहेको छ । यी परिस्थितिहरुले यस क्षेत्रमा राज्यविहिनताका अन्य स्वरुपहरु जस्तै, राज्यहरु बीच व्यापक आधिकारिक र अनाधिकारिक श्रम आप्रवासन पनि थप गरेको छ । राज्यहरुले आप्रवासीहरुलाई स्वदेश फर्काउने माग राखेतापनि छिमेकी राज्यहरुले यसलाई अस्वीकार गरेका छन्, जसका कारण यी समुदाय राज्यविहिन हुन बाध्य भएका छन्;

- ❖ यस परिस्थितिमा विद्यमान कानूनी पद्धतिले राज्यविहिनताको समस्या समाधान गर्न अपर्याप्त देखिएको छ, दक्षिण एसिया जस्ता उपनिवेशवाद पश्चातको क्षेत्रहरुको अनुभवले कथित कानूनी पद्धति सुधारको निम्ति ध्यानाकर्षण गर्दछ । विशेषगरी, न्यायिक अनुभव र विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरुको फरक स्वरुपले गर्दा विश्वव्यापी रुपमा राज्यविहिनतासँग सम्बन्धित विशिष्ट क्षेत्रीय कानून निर्माण गर्नुपर्ने संकेत गर्दछ;
- ❖ इराक, सिरिया, इजराइल–प्यालेस्टाइन, येमेन र अफगानिस्थान देखि मध्य एसिया र काकेशस क्षेत्रसम्म भइरहेको तीव्र युद्धका साथै दक्षिण एसिया, दक्षिण पूर्वी एसिया र हिन्द महासागरमा नागरिकतासँग सम्बन्धित विभिन्न समस्याले गर्दा एसियाली क्षेत्रमा हाल शरणार्थी संकटाका साथै जनसङ्ख्या प्रवाहले अस्थीरता बढेदै गएको छ । म्यानमारबाट रोहिङ्ग्याहरुको वृहत् प्रस्थान यस स्थितिको ज्वलन्त उदाहरण हो । यी सबैले भारतीय उपमहाद्वीपीय विभाजनको समयमा भएको अतुलनीय मानवीय आवतजावतलाई पछ्याएको देखिन्छ जसका कारण पछिल्लो दशक शरणार्थी, शरण खोज्ने, आप्रवासी श्रमिक, बाल–बालिका तथा महिलाहरुको बेचविखनमा बृद्धि भएको छ । कडा सीमा नियन्त्रण, हिंसापूर्ण सीमाक्षेत्र, बिना श्रमिक अधिकार र कम ज्यालाको स्थितिका साथै अन्य एसियाली मुलुकहरुबाट मलेसिया, भारत, टर्कीमा आप्रवासी श्रमिकको प्रवाहसँग सम्बन्धित समस्या सामना गर्नुपरेको छ । तसर्थ, एसियाली परिस्थितिले शरणार्थी, राज्यविहिन व्यक्तिहरु र आप्रवासीहरुका लागि विश्वव्यापी सुरक्षा पद्धतिको अनुसन्धानको आह्वाहन आवश्यकता गर्दछ;
- ❖ एसियाली परिस्थितिले शरणार्थी, शरण खोज्ने, राज्यविहिन व्यक्तिहरु, श्रम आप्रवासन तथा आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुको सुरक्षा, सम्मान र संरक्षण कायम राख्न विभिन्न राज्य, क्षेत्रीय, नागरिक समाज, द्विपक्षीय तथा शहरी स्तरमा व्यापक संवादका लागि आह्वान गर्दछ ।

र घोषणा गर्दछ की,

१. आवतजावत गर्ने अधिकार विश्वव्यापी मानव अधिकारको एक अंग हो र मानवीय प्रतिष्ठालाई उल्लङ्घन गर्ने गरी निर्माण भएका कुनै नीति तथा उपायहरुमा यस अधिकारले प्रतिबन्ध लगाउनेछ ।

२. शरणार्थी, आप्रवासी, राज्यविहिन तथा अरु विस्थापित व्यक्तिहरु कुनैपनि सुरक्षा प्रणाली, कानूनी संरचना, सरकारी तथा सामाजिक स्थापनाहरुको केन्द्रमा हुन्छन् ।

३. विश्वव्यापी प्रतिज्ञापत्रको धारणाले संरक्षणका विभिन्न क्षेत्रीय, राष्ट्रिय, स्थानीय, परम्परागत, नगरियका साथै अरु परिमाणका अभ्यासलाई आत्मसाथ गर्नुपर्छ । दिगो संकल्पमा लक्षित कुनैपनि विश्वव्यापी प्रतिज्ञापत्र शरणार्थी, आप्रवासी, राज्यविहिन व्यक्ति र समुदायहरुको प्रतिरक्षा गर्ने फराकिलो दायराको संवादमा आधारित हुन जरुरी छ ।

४. विश्वव्यापी वा स्थानीय, जुनसुकै संरक्षणको संरचना भएपनि सम्पूर्ण मानव जातिको अधिकार र सम्मानलाई प्रतिकुल असर पार्ने जात, जाति, धर्म, क्षमता, वर्ग, लिङ्ग र यौनिक अभिमुखीकरणमा आधारित भेदभावसँग लड्ने क्षमता राख्नुपर्दछ ।

५. संरक्षणको विश्वव्यापी संरचनाको पुनःडिजाइन गर्दा हिंसा र विस्थापनाका दोषीहरुको कार्यलाई उत्तरदायी बनाउनुपर्छ ।

६. अनौपचारिक श्रमिकका रुपमा काम गरिरहेका शरणार्थी, आप्रवासी र राज्यविहिन व्यक्तिहरु सामाजिक र आर्थिक अधिकारको हकदार हुन् ।

७. राज्यविहिन व्यक्तिहरुलाई संरक्षणको प्राथमिकतामा राखिनुपर्दछ । यी व्यक्तिहरुको नागरिकताको अधिकार सुनिश्चित गर्नु विश्वव्यापी उत्तरदायित्व हो ।

८. एसियामा व्यापक रुपमा हुनेगरेको बाध्यकारी आप्रवासन तथा राज्यविहिनताको सन्दर्भमा, मानवअधिकारको लागि अफ्रिकी बडापत्र र यसका क्षेत्रीय प्रणाली तथा संयन्त्रहरुको संरक्षणको पद्धति अवलम्बन गर्न आवश्यक रहन्छ । सम्पूर्ण मानव जातिको अधिकार तथा सम्मान सुनिश्चित गर्नको निमित्त यसप्रकारका बडापत्रमा, आप्रवासी, शरणार्थी, शरण खोज्नेका साथै राज्यविहिन व्यक्तिहरुको समेत श्रम अधिकार सुनिश्चित गर्ने मानवअधिकारका विशिष्ट प्रावधानहरुको समावेश हुन आवश्यक छ ।

*अभिजित सेन (इन्डिया), सुदीप बसु (इन्डिया), तानिया दास (इन्डिया), लरेन्स जुमा (दक्षिण अफ्रिका), अपाला कुन्डु (इन्डिया), अदिति मुखर्जी (इन्डिया), समरेश गुछैत (इन्डिया), सुनिल कुमार कुन्डु (इन्डिया), एजियो पुगलिया (इटली), अन्ना दनेरी (इटली), महाप्रभु सेन (इन्डिया), स्टेफनी क्रोन (जर्मनी), सुभाष हल्दर (इन्डिया), देवाशिष दास (इन्डिया), सुभोजित बाग्ची (इन्डिया), निलान्जना चक्रवर्ती (इन्डिया), एन्जे स्टेविज (जर्मनी), पि. दत्त रे (इन्डिया), राजकुमार नागराजा (श्री लंका), जैसिन्टा कोहेलो (अष्ट्रेलिया), मेलिसा जु (अष्ट्रेलिया), दिशा घोष (इन्डिया), रुचिका गुप्ता (इन्डिया), , ज्योत्सना श्रीवास्तव (इन्डिया), शाान्ती सरकार (इन्डिया), रणविर समद्दर (इन्डिया), सोम निरौला (नेपाल), मुजिब अहमद अजिजि (अफगानिस्तान), जेनिफर हिन्डम्यान (कैनडा), विलियम वाल्टर्स (कैनडा), इट्टी अब्राहम (सिंगापुर), झुम्पा बोस (इन्डिया), डेबिड निउमैन (इजरायल), सुचरिता सेनगुप्ता (इन्डिया), रानु बसु (कैनडा), फेडरिको रहोला (इटली), अरुप

कुमार सेन (इन्डिया), अंकिता मन्ना (इन्डिया), अशोक कुमार गिरि (इन्डिया), नसरिन चौधरी (इन्डिया), जि.एम. अरिफुज्जामन (बंगलादेश), साजिद अह्मद फहुरदिन (श्रीलंका), बुद्ध सिंह् केप्छाकी (नेपाल), सोमदत्त चक्रवर्ती (इन्डिया), मौसमी चेतिया (इन्डिया), एम. इब्राहिम वनि (इन्डिया), श्यामालेन्दु मजुमदार (इन्डिया), संज ब्रोजानिक (क्रोसिया), एन्जेला स्मिथ (अष्ट्रेलिया), राज कुमार मह्तो (इन्डिया), रोमा सिंह् (इन्डिया), मेघा सिंह् (इन्डिया), स्वातिलेखा भट्टाचार्य (इन्डिया), मिसेल चेन (अष्ट्रेलिया), वि.के. त्रिपाठी (इन्डिया), पाओलो नोभाक (युनाइटेड किङ्डम), श्रीतप चक्रवर्ती (इन्डिया), रश्मी बनर्जी (इन्डिया), एस. इरुदय राजन (इन्डिया), सब्यासाची बसु राय चौधरी (इन्डिया), माइकेल फेनर (इन्डिया), समता विश्वास (इन्डिया), अजित कुमार पंकज (इन्डिया), जर्जिया डोना (युनाइटेड किङ्डम), रजत रोय (इन्डिया), जनैना गाल्वाओ (ब्राजिल), मटन कैमिनर (युएसए), इन्द्रजित मजुमदार (इन्डिया), सागर विश्वास (इन्डिया), देबञ्जन कर (इन्डिया), आइ. आचार्य (इन्डिया), तन्मोय मालकर (इन्डिया), शिवाजी प्रतिम बसु (इन्डिया), काजा बोस (जर्मनी), जोर्ग सुज (जर्मनी), अदिति सब्बरवाल (इन्डिया), सुशिल कुमार (इन्डिया), शिबाशिष चटर्जी (इन्डिया), अमिताभ भट्टशाली (इन्डिया), प्रशान्त रे (इन्डिया), अनासुआ बसु राय चौधरी (इन्डिया), सिप्रा मुखर्जी (इन्डिया), के. बन्दोपाध्याय (इन्डिया), रुपश्री जोशी (नेपाल), अब्दुल कलाम आजाद (इन्डिया), बिनिता कुमारी (इन्डिया), सहाना बासवापत्न (इन्डिया), सुदिप्ता सेनगुप्ता (इन्डिया), पिटर बोजनिक (सर्बिया), आयसे कैगलर (अष्ट्रेलिया), मेघना गुहाठाकुर्ता (बंगलादेश), इरिन पिनो (पोर्चुगल), रबिन डौ (इन्डिया), शताब्दी दास (इन्डिया), शहनाज रानु (इन्डिया), संजिदा जेस्मिन (इन्डिया), उर्मी मुखोपाध्याय (इन्डिया), अनिता सेनगुप्ता (इन्डिया), प्रिया सिंह् (इन्डिया), रतन चक्रवर्ती (इन्डिया), शुभश्री राउत (इन्डिया)